नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## उद्योग विभाग

(विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखा)

त्रिपुरेश्वर, काठमाण्डौ
☎०१-५३६१११२
०१-५३६११६८

## लगानीकर्ताहरुको लागि सूचना !

उद्योग सञ्चालनका लागि विदेशी लगानी स्वीकृत गरेका लगानीकर्ताहरुले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा नियमावली, २०७७ मा तोकिएको समय भित्रमा लगानी भित्र्याई औद्योगिक व्यवसाय ऐन, २०७६ तथा नियमावली, २०७८ मा तोकिएको समय भित्रमा उद्योग सञ्चालन गर्नुहुन जानकारी गराईन्छ । विदेशी लगानी स्वीकृत गरेका लगानीकर्ताहरुले ऐन, नियमावलीमा तोकिएको समय भित्र लगानी भित्र्याई उद्योग सञ्चालन गरेको जानकारी सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विदेशी लगानी स्वीकृत हुँदा बुझाएको धरौटी रकम फिर्ता लैजानुहुन अनुरोध गरिन्छ । सो समय भित्र लगानीकर्ताहरुले स्वीकृत गरेका लगानी भित्र्याएको प्रमाण तथा उद्योग सञ्चालनको जानकारी नगराएमा धरौटी रकम जफत हुने समेत जानकारी गराइन्छ । नयाँ विदेशी लगानीकर्ताहरुले समेत उल्लेखित ऐन/नियमावलीमा तोकिएको समय भित्रमा लगानी भित्र्याई उद्योग सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ ।

विदेशी लगानी भएका उद्योग वा विदेशी लगानीकर्ताहरुले पाउने छुट, सुविधा र सहुलियत (भिसा, विदेशी मुद्रा, जग्गा, औद्योगिक सुरक्षा, कर्मचारी) सम्वन्धमा तथा विदेशी लगानीकर्ताहरुलाई लगानी भित्र्याउन तथा उद्योग सञ्चालन सम्बन्धमा कुनै किसिमको समस्या परेमा उद्योग विभागमा सम्पर्क गर्नहुन जानकारी गराईन्छ ।

**धरौटी फिर्ता गर्न पेश गर्नुपर्ने कागजातहरुः**

- *विवरण खोलिएको माग निवेदन*
- *उद्योग संचालनमा आएको प्रमाण कर चुक्ता (शुन्य कारोवार आएमा मानिने छैन)*
- *लगानी भित्र्याएको प्रमाण*
- *उद्योग दर्ता प्रमाण*
- *धरौटी रकम जम्मा गरेको सक्कल प्रति*
- *लेखापरिक्षण प्रतिवेदन*
- *कम्पनी अध्यावधिक*